Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : ३१औं दिन**
**मिति : ०७२ जेठ ११**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६५९
घाइते : २१,९५२

## अन्तर्राष्ट्रिय सहयोगको कमी

भूकम्पबाट संकटग्रस्त भएको नेपाललाई अन्तर्राष्ट्रिय समुदायबाट जसरी सहयोग प्राप्त हुने आशा थियो त्यसअनुरुप नपाएको सरकारले जनाउँदै आएको छ । हिजो राष्ट्रसंघका आवासीय प्रतिनिधि तथा मानवीय संयोजक जेमी म्याक गोल्डरिकले प्रेस सम्मेलन गरी सोचेजस्तो सहयोग नजुटेको जनाए ।

राष्ट्रसंघका अनुसार १९ लाख जति जनतालाई तत्काल खाद्यान्न र १५ लाखलाई सरसफाइसम्बन्धी सहयोगको, ११ लाख बालबालिकाहरूलाई पढाइ गर्ने ठाँउ र सहयोगको आवश्यकता रहेको गोल्डरिकको भनाइ छ ।

राष्ट्रसंघका महासचिव बान कि मुनले नेपाललाई सहायतासम्बन्धी प्रस्ताव सुरक्षा परिषदबाट पारित गरेर सहयोग गर्न जोड दिएका थिए । ४२ अर्ब ३० करोड रकम लाग्ने भन्दै सहयोग आह्वान गरेको भए पनि हालसम्म यसको २२ प्रतिशत रकम मात्र ९ अर्ब २४ करोड रुपैयाँ मात्र संकलन भएको जानकारी गोल्डरिकले दिए ।

राहत तथा पुन:स्थापनासम्बन्धी कार्यहरू प्रभावकारी रुपमा पीडितसमक्ष लानका लागि सरकारबाट विस्तृत योजना आएको छैन । समय तालिकासहितको कार्ययोजना प्रस्तुत गरी सरकारले सहयोग रकम दुरूपयोग नहुने आश्वस्त पारे अन्तर्राष्ट्रिय समुदायबाट थप सहयोग प्राप्त हुने आशा गर्न सकिन्छ ।

### उल्लेख्य

- ०७२ जेठ ११ गते सिन्धुपाल्चोक कारागारबाट २८ दिन अघि भागेका कैदी र बन्दीमध्ये दुई महिलासहित पाँच जना कैदीहरू जिल्ला प्रहरी कार्यालय हेटौँडा र भीमफेदी कारागारको सम्पर्कमा आएका छन् ।
- नुवाकोटको गेर्खु गाविसका ५६ घर जोखिममा परेका छन् । विनासकारी भुकम्पका कारण जमिन चिराचिरा भएपछि गेर्खु गाविस- ९ केराघारीका ५६ परिवार विस्थापित हुने अवस्थामा पुगेका हुन् ।
- वैशाख १२ गते र २९ गते आएको विनाशकारी भूकम्पमा परी सिन्धुपाल्चोक जिल्लाका १ हजार ९ सय ४६ महिलाको मृत्यु भएको छ भने १ हजार ५ सय ७० महिला घाइते भएको महिला तथा बालबालिका कार्यालयले जनाएको छ ।
- नेपालमा आएको विनाशकारी भूकम्प प्रभावित जिल्लाका किशोरी, युवतीहरू जोखिमपूर्ण यात्रामा निस्कने गरेको माइती नेपाल, नेपालगञ्जले जनाएको छ । वैशाख १२ गतेदेखि जेठ १० गते सम्म १७ जना युवतीहरूलाई सीमानाबाट घर फर्काइएको माइती नेपाल नेपालगञ्जका संयोजक केशब कोइरालाले बताए । १५ जनालाई आफन्तको जिम्मा लगाएको र दुई जनालाई  माइती नेपालको आवास गृहमा राखिएको उनले बताए ।
- भूकम्प कारण जुम्लामा सरकारी तथा निजी भौतिक संरचना करिब साढे तीन करोड बराबरको क्षति पुगेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । ४१ ओटा निजी घर, १० ओटा विद्यालय दुई ओटा सरकारी तीनओटा मन्दिर, तीनओटा पानी ट्यांकीको, एकओटा सहकारी संस्थाको जिल्लामा क्षति भएको डीएसपी बलराम राईले बताए ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- भूकम्पपछि सरकारले घर पूर्ण क्षति भएकाहरूलाई दिने भनेको १५ हजार रुपैयाँ गोरखाका भूकम्प पीडितले पाएका छैनन् । एकमहिना बितिसक्दा समेत त्रिपालकै भरमा गुजारा चलाउँदै आएका सर्वसाधारण आफ्नै प्रयासमा जोखिममै ओत लाग्ने जोहो गरिरहेका छन् । सबै गाविसका पूरा तथ्याङ्क आइनसकेको भन्दै वितरणमा आलटाल गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी दीपेन्द्र पौडेलले वितरणको तयारीमा रहेको बताएका छन् ।
- रामेछाप जिल्लाको क्षतिको अवलोकन गर्न आएका नेकपा एमालेका अध्यक्ष केपी ओलीले कुने पनि नेपालीलाई खान नपाएर मर्ने अवस्था आउन नदिने बताएका छन् । भूकम्पका कारण विस्थापित भएका हरेक नेपालीको घरको व्यवस्था हुनेमा उनले जोड दिए । जिल्ला बालकल्याण समितिमा आएको सूचनाका आधारमा टुहुरा, घाइते, आफन्त गुमेका सबै बालबालिकाहरूलाई मनोपरामर्श नदिएमा उनीहरू मानसिकरुपले थप जोखिममा पर्नसक्ने देखिन्छ ।
- विभिन्न गाविसमा भूकम्प पीडितलाई राहत बाँड्दै गर्दा परिवार सङ्ख्या बढ्न थालेपछि गाविसलाई राहत रकम वितरण गर्न समस्या हुन थालेको छ । रसुवाको धैबुङ्ग गाविसमा यस अघिको वडा नागरिक मञ्चबाट आएको तथ्याङ्क १ हजार २ सय ७२ घर थियो । मञ्चले नै राहत सामग्री वितरण गर्दा १ हजार ३ सय ८४ घर पुग्यो अहिले घर घरमा प्राविधिक पुग्दा १ हजार ३ सय २६ घरको तथ्याङ्क संकलन भएको छ ।
- वैशाख १२ गतेको भूकम्पपछि राहतका कार्यहरू जारी रहे पनि अझै पनि पर्याप्त मात्रामा हुन नसकेको संयुक्त राष्ट्रसंघले जनाएको छ । नेपालस्थित राष्ट्रसंघीय कार्यालयले जेठ ११ गते ललितपुरमा गरेको पत्रकार सम्मेलनमा विभिन्न कठिनाइबीच पनि भूकम्पपीडितहरूका लागि सहयोग गर्ने अवस्थामा रहेको राष्ट्रसंघ जनाएको हो ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline